# जेनजी आन्दोलनका क्रममा जलेका भवन हुँदै छन् मर्मत

**नवराज कट्टेल**
*विराटनगर, जेठ २९ गते*

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनमा जलेर क्षति भएको जिल्ला प्रशासन कार्यालय मोरङको सभा हलको निर्माण सुरु भएको छ। उच्च अदालत विराटनगरको प्रबलीकरणसमेत धमाधम चलिरहेको छ।

जेनजी आन्दोलनमै क्षति पुगेको जिल्ला प्रशासन कार्यालयका चार भवनमध्ये एउटा निर्माणाधीन, प्रमुख जिल्ला अधिकारी आवास भत्काउने ठेक्का, सहायक प्रमुख जिल्ला अधिकारी आवास तथा पुरानो प्रशासन कार्यालय भत्काउने कार्यसमेत चाँडै सुरु गरिने भएको छ। सभा हल निर्माणमा ८० लाख लागत अनुमान गरिएको छ।

जेनजी आन्दोलनमा क्षति पुगेका सुनसरी, मोरङ र उदयपुरका २२ सङ्घीय सरकारी कार्यालयको मर्मत, प्रबलीकरण तथा निर्माणको काम भइरहेको सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालय मोरङका निमित्त प्रमुख तथा इन्जिनियर श्रवण कुमार यादवले जानकारी दिनुभयो।

इलाका प्रशासन कार्यालय उर्लाबारी, मालपोत कार्यालय बेलबारी, इलाका प्रशासन कार्यालय रङ्गेली, सबडिभिजन वन कार्यालय पथरीको मर्मत भइसकेका छन्। कार्यालयको क्षेत्राधिकार यसअगाडि उदयपुर जिल्लासमेत रहेकाले चालु आर्थिक वर्षमा जिल्ला प्रशासन कार्यालय उदयपुर, कोष तथा लेखा नियन्त्रक कार्यालय र मातपोत कार्यालय गाईघाट, उदयपुरको मर्मत तथा सुधार कार्य सम्पन्न भएको इन्जिनियर यादवले जानकारी दिनुभयो।

इन्जिनियर यादवका अनुसार मर्मत/पुनर्निर्माण/पुनर्स्थापना गर्ने कार्यका लागि चालु आर्थिक वर्षमा १० करोड ७७ लाख २९ हजार रुपियाँ बजेट प्राप्त भएको हो।

मोरङमा जेनजी आन्दोलनका क्रममा १५५ वटा संरचनामा क्षति पुगेको थियो। त्यसमध्ये २१ वटा सङ्घीय सरकारी कार्यालय रहेका थिए। यसै गरी १२ वटा प्रदेश कार्यालय, १० वटा स्थानीय तहका पालिका कार्यालय, ५८ वटा वडा कार्यालयमा आगजनी भएको थियो। यसै गरी निजी घर १५, पार्टी कार्यालय आठ, सङ्घ संस्थाका भवन चार, व्यापारिक भवन तीन वटा, होटेल एउटा अनि नेपाल प्रहरीका १७ र सशस्त्रका चार पोस्टमा क्षति पुगेको थियो।

जिल्ला प्रहरी कार्यालय मोरङको तथ्याङ्क अनुसार मोरङमा सार्वजानिक तथा निजी सम्पत्तिमा क्षति पुऱ्याएको आरोपमा ९० वटा मुद्दा दर्ता भएका छन्। हालसम्म ४७ जना आरोपित पक्राउ परेका छन्।

## प्रदेश समिति सभापतिमा राई निर्वाचित

**सुनसरी समाचारदाता**
*इटहरी, जेठ २९ गते*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कोशी प्रदेश समितिको सभापतिमा चन्द्र राई विजयी हुनुभएको छ। चार जना प्रतिस्पर्धीलाई पछाडि पार्दै राई रास्वपा कोशी प्रदेश समितिको पहिलो अधिवेशनबाट सभापतिमा निर्वाचित हुनुभएको हो। मतगणनाको परिणाम अनुसार राईले २८० मत ल्याउनुभएको थियो भने उहाँको निकटतम प्रतिस्पर्धी गोमा तामाङ (सरिन) ले १४१ मत प्राप्त गर्नुभयो।

त्यस्तै सभापति पदका प्रतिस्पर्धी डा. खगेन्द्र कटुवालले ४१ र चन्द्रकुमार गौलीले २७ मत प्राप्त गर्नुभएको थियो। मोरङको विराटचोकमा सभापति पदका लागि भएको निर्वाचनमा ४९० मत खसेकोमध्ये ४८९ मत सदर भएको थियो।

त्यसै गरी रास्वपा कोशी प्रदेश समितिको उपसभापतिमा होमराज दाहाल निर्वाचित हुनुभएको छ। यस्तै महामन्त्री पदमा निरज कटवाल विजयी हुनुभएको छ। दुई सहमहामन्त्री पदका लागि भएको प्रतिस्पर्धामा सुरेन्द्र कार्की र मञ्जरी घिमिरे निर्वाचित हुनुभयो।

## कार्यालयबाट हाँस्दै घर फर्कन्छन् सेवाग्राही



तस्बिर : नवराज कट्टेल

**मोरङका प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा सेवा लिँदै सेवाग्राही।**

**रङ्गेली समाचारदाता**
*विराटनगर, जेठ २९ गते*

मोरङ विराटनगर-१८, फँडानी निवासी गदी ऋषिदेवको उमेर ५० पुगे पनि नागरिकता पाउनुभएको थिएन। नागरिकता लिन उहाँ जिल्ला प्रशासन कार्यालय पुग्नुभयो। सबै कागजात पुऱ्याएपछि दोस्रो दिनमै उहाँले नागरिकता पाउनुभयो।

नागरिकताका लागि प्रक्रियागत कागजात मिलाउन मात्र समय लाग्छ; सबै कागज मिलेपछि तुरुन्तै नागरिकता पाउने गरेको बलराम ऋषिदेवले बताउनुभयो। आफ्नो बुवाआमा र दाजुभाइ सबैको नागरिकता भए पनि दिदीको विवाहपछि नागरिकता नबनेकाले दोधार हुँदै आए पनि नागरिकता सजिलो तरिकाले प्राप्त भएको उहाँले बताउनुभयो।

जग्गा पास गराउन नापी कार्यालय मोरङ पुग्नुभएका विराटनगर-३, पुष्पलाल चौक निवासी घनश्याम ढकालले टोकन पाएको केहीछिनमै नापीको काम भएपछि उहाँलाई अचम्म लाग्यो। राजस्व बुझाएर टोकन लिएको केहीबेरमै नक्सा निस्किएको ढकालको भनाइ थियो। "पहिले जस्तो समय लागेन, केही सहज चाँहि भएको हो," ढकालले भन्नुभयो, "पहिलेका ती बाहिर बस्ने केटाहरू कता गएछन् ? भूमि प्रशासन र नापी कार्यालयका सेवा लिँदा सेवाग्राही र कार्यालयका कर्मचारीबिच हत्तपत्त भेट हुँदैनथ्यो। आज आफैँ काम गर्न सकेकोमा आश्चर्यमा चाहिँ छु।" उहाँले पछिल्लो समय सार्वजनिक सेवा प्रवाहका कार्यालयका कर्मचारीमा केही न केही फरकपन भेटिन थालेको बताउनुभयो।

जग्गाको काम प्राविधिक हुने भएकाले झन्झट हुने कुरामा आफू प्रस्ट रहेको उहाँले बताउनुभयो तर त्यसका लागि कार्यालयमा कर्मचारी र सेवाग्राही सिधा सिधा काम गर्ने/गराउने काम हुनुपर्ने उहाँको बुझाइ छ। सरकारले सुशासनलाई प्राथमिकतामा राखेपछि सार्वजनिक सेवा प्रवाहका कार्यालयमा भेटिने सेवाग्राही बढी नै आशावादी रहेको बताउँछन्।

सेवा प्रवाहमा सुधार आउँदा आफ्ना कामसँगै आफूहरूमाथि गरिने व्यवहारमा समेत सुधार देखिएको धेरैको बुझाइ छ। मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेल कानुन अनुसार नागरिकले पाउने अधिकारलाई कहीँबाट पनि रोक्न नमिल्ने बताउनुहुन्छ। उहाँले कसैले पनि कानुनविपरीत गर्ने र कानुन अनुसार नगर्ने गुनासो नआओस् भन्ने कुरामा सचेत हुनुपर्नेमा जोड दिनुभयो।

## रामधुनी मन्दिरको मौलिकता हराउँदै

**बाबुराम कार्की**
*वराहक्षेत्र, जेठ २९ गते*

जङ्गलको बिचभागमा अवस्थित पवित्र धार्मिक स्थल रामधुनी मन्दिरमा पुग्ने जोकोहीले प्राकृतिक शान्ति र आध्यात्मिक अनुभूति एकैसाथ प्राप्त गर्छन्। भगवान् रामको पाउ स्पर्श भएको विश्वास गरिने यस धार्मिक स्थलको स्वरूप पछिल्ला केही वर्षयता भने तीव्र रूपमा परिवर्तन हुँदै गएको छ।

सुन्दरीकरण र पूर्वाधार विकासका नाममा भइरहेको कङ्क्रिटीकरणले रामधुनी नगरपालिका-४ स्थित रामधुनी मन्दिरको मौलिक, प्राकृतिक तथा सांस्कृतिक पहिचान ओझेलमा पार्दै गएको हो। वन क्षेत्रको प्राकृतिक परिवेशसँग घुलमिल देखिने मन्दिरपरिसरमा पछिल्ला वर्षमा कङ्क्रिटका संरचना थपिँदै गएका छन्। सङ्घीय सरकार, स्थानीय तह तथा विभिन्न धार्मिक गुरु र सहयोगीदाताको सहयोगमा निर्माण गरिएका धर्मशाला, प्रवेशद्वार, साना मठमन्दिर तथा अन्य भौतिक संरचनाले मन्दिरको परम्परागत स्वरूप परिवर्तन भएको छ।

पौराणिक मान्यता अनुसार त्रेता युगमा भगवान् रामले वनवासका क्रममा धुनी बालेर एक रात बिताएको स्थान भएकाले रामधुनी धाम पूर्वी नेपालको प्रमुख धार्मिक गन्तव्यका रूपमा परिचित रहेको पुरातत्त्वविद् डा. सोम खतिवडा बताउनुहुन्छ। अत्यधिक कङ्क्रिटीकरणले यस्ता सम्पदाको मौलिक चरित्र हराउने जोखिम बढ्ने उहाँको भनाइ छ।

डा. खतिवडाले जङ्गलको काखमा रहेको धार्मिक स्थलमा काष्ठकला, ढुङ्गा तथा स्थानीय निर्माण सामग्री प्रयोग गरी संरचना निर्माण गरिनुपर्ने बताउनुभयो। "कङ्क्रिटको विकल्पमा परम्परागत शैलीका सामग्री प्रयोग गरिएको भए धार्मिक तथा सांस्कृतिक आकर्षण अझ बढ्ने थियो," उहाँले भन्नुभयो, "तर अधिकांश निर्माणमा सिमेन्ट र कङ्क्रिटको प्रयोग गरिँदा प्राकृतिक वातावरणसँग मेल खाने पुरानो स्वरूप हराउँदै गएको देखिन्छ।

रामनवमी, महाशिवरात्रि, तिज, विवाहपञ्चमी र ऋषिपञ्चमी जस्ता पर्वमा रामधुनी मन्दिरमा भक्तजनको ठुलो भिड लाग्ने गर्दछ। तीर्थयात्रीको सुविधाका लागि मन्दिरपरिसरको भुइँमा सिमेन्ट ब्लक बिछ्याइएको छ भने विभिन्न स्थानमा टायल, रेलिङ तथा कङ्क्रिट संरचनाको प्रयोग गरिएको छ।

रामधुनी मन्दिर गुठी व्यवस्थापन समितिका अध्यक्ष डिल्ली कार्कीले धार्मिक वन क्षेत्रभित्र रहेको मन्दिरका लागि आवश्यक काठको अभाव भएको बताउनुभयो। धार्मिक वन क्षेत्रबाट प्राप्त हुने काठसमेत सरकारी प्रक्रियामार्फत अन्यत्र जाने भएकाले काठकै रामदरबार निर्माण गर्ने योजनालाई अगाडि बढाउन नसकिएको उहाँले बताउनुभयो।

समितिका उपाध्यक्ष रामप्रकाश कोइरालाले मन्दिरको विकास र संरक्षणबिच सन्तुलन कायम गर्न सबै सरोकारवाला पक्ष लाग्नुपर्ने बताउनुभयो। धार्मिक पर्यटकीय केन्द्रका रूपमा विकास हुँदै गएको रामधुनी मन्दिरमा पूर्वाधार विस्तार आवश्यक भए पनि त्यसले मौलिक पहिचानमाथि असर पार्न नहुने पुरातत्त्वविद् डा. खतिवडाको भनाइ छ।

## सडकले बढाउँदै छ गाउँमोह

**कविराज घिमिरे**
*हिले, जेठ २९ गते*

धनकुटा चौबिसेका महेन्द्र न्यौपानेले विदेशबाट आएर गाउँमै केही गर्ने सोच बनाउनुभयो तर सुविधा नहुँदा फेरि गाउँ छाडेर धनकुटा सदरमुकाम बस्न थाल्नुभयो।

गाउँ नफर्किने सोच बनाएर गाउँ छाडेका न्यौपाने अहिले फेरि गाउँ फर्किएर कृषिमा लाग्नुभएको छ। उहाँ फर्कनुका कारण फलामेटार हुँदै निर्माण भएको तमोर कोरिडोर हो।

सुरुमा गाउँसम्म सडकसमेत नहुँदा गाउँ छाडेका न्यौपाने अहिले मेची पहाडलाई तराईसँग जोड्ने छोटो मार्ग गाउँ हुँदै निर्माण भएपछि पुनः गाउँ फर्किनुभएको हो। गाउँ फर्किएर करिब ३० रोपनी क्षेत्रफलमा फलफूल खेती विस्तार गर्नुभएको छ। उहाँको बारीमा अहिले आँप, एभोकाडो, सजीवन, सुपारी आदि लगाइएको छ। अहिले फलफूलले आम्दानी दिन थालेका छन्।

न्यौपानेले भन्नुभयो, "पहिले पनि गाउँमै केही गर्न खोजेको हो तर जे गरे पनि बाटोका कारण समस्या हुन्थ्यो, उत्पादन बजारसम्म लैजान बिरामी हुँदा अस्पताल जान सबैमा समस्या थियो तर अहिले त्यो समस्या छैन, त्यसैले गाउँ फर्किएको हुँ।" तमोर कोरिडोरको ट्र्याक खोल्न सुरु गरेसँगै २०७५ सालबाटै गाउँ फर्कने सोच बनाएर अलि अलि फलफूल खेती सुरु गरेको उहाँ बताउनुहुन्छ।

त्यसो त फलामेटार फर्कने उहाँ एक्लो भने होइन। सोही स्थानको स्मृति लिम्बूको परिवार घरजग्गा बिक्री गरेर तराई झरेको थियो तर अहिले सो परिवारसमेत गाउँ फर्किएको छ।

---

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौँ, बबरमहल, काठमाडौँ**

**वर्षायाममा सडक खन्ने स्वीकृति नदिने बारे सार्वजनिक सूचना**

मिति : २०८३-०२-३०

वर्षायाममा धारा, ढल, बिजुली, टेलिफोन आदि प्रयोजनको लागि सडक खन्दा तत्कालै मर्मत सम्भार गरी यथास्थितिमा ल्याउन नसकिने र सडक पनि थप बिग्रँदै जाने भएकोले मिति २०८३ साल असार १ गते देखि २०८३ साल भाद्र मसान्तसम्म यस कार्यालय अन्तर्गतका सडक डिभिजनहरू मातहतमा रहेका कुनै पनि सडक खन्न स्वीकृति नदिने र कसैले अनुमति बिना सडक खनेको पाइएमा सार्वजनिक सडक ऐन, २०३१ अनुसार कडा कारबाही गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यस कार्यमा सबैको सहयोगको अपेक्षा राखिएको छ।

सुपरिटेन्डेन्ड इन्जिनियर

---

**भूमि प्रशासन कार्यालय चाबहिलबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

यसमा, निवेदक श्री श्रीकृष्ण श्रेष्ठले मेरो नाममा सर्भे नापीका समयमा मोहियानी हक कायम भई हालसम्म दर्ता प्रमाणित बाँकी रहेको तपसिल बमोजिमको जग्गा बिर्ता उन्मूलन ऐन, २०१६, बिर्ता उन्मूलन नियमावली, २०१७ तथा प्रचलित कानून बमोजिम मेरो नाममा रै.प. दर्ता नामसारी गरिपाऊँ भनी माग निवेदन भएकोमा उक्त जग्गाको वास्तविक ज.ध. को हुन्, अरू हकदारहरू छन् वा छैनन् ? उक्त जग्गा निवेदकको माग बमोजिम निवेदकको नाममा रै.प. जग्गा दर्ता नामसारी/दा.खा. नहुनुपर्ने भए वा निवेदक बाहेक अरूको हक लाग्ने भएमा वा उक्त जग्गा दर्ताका लागि यसअघि अरु कसैले निवेदन माग गरेको भए वा सो जग्गा सरकारी सार्वजनिक गुठी अन्तर्गतको भएमा वा निवेदकको मागदाबी अनुसार हुन नपर्ने कुनै कारण भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण दाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **तपसिल**

| क्षेत्र | वडा/सि.नं. | कि.नं. | क्षे.फ. | ज.ध. | मोही |
|---|---|---|---|---|---|
| गोकर्ण (गोकर्णेश्वर) | ९/ख | ७० | २-१-२-० | भीम कुमारी उपाध्या | श्रीकृष्ण श्रेष्ठ |

---

**भूमि प्रशासन कार्यालय चाबहिलबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

यसमा निवेदक श्री मुना चालिसे समेतले विष्णु प्रसाद चालिसेको नाममा सर्भे नापीका समयमा मोहियानी हक कायम भई हालसम्म दर्ता प्रमाणित बाँकी रहेको तपसिल बमोजिमको जग्गा विष्णु प्रसाद चालिसेको मिति २०७४।११।२५ मा मृत्यु भएको र निजको मृत्यु पछिका सबैभन्दा नजिकका हकदार म समेत तीन जना मात्र भएकाले बिर्ता उन्मूलन ऐन, २०१६, बिर्ता उन्मूलन नियमावली, २०१७ तथा प्रचलित कानून बमोजिम हाम्रो नाममा रै.प. दर्ता नामसारी गरिपाऊँ भनी माग निवेदन भएकोमा उक्त जग्गाको वास्तविक ज.ध. को हुन्, अरू हकदारहरू छन् वा छैनन् ? उक्त जग्गा निवेदकको माग बमोजिम निवेदकको नाममा रै.प. जग्गा दर्ता नामसारी/दा.खा. नहुनुपर्ने भए वा निवेदक बाहेक अरूको हक लाग्ने भएमा वा उक्त जग्गा दर्ताका लागि यसअघि अरू कसैले निवेदन माग गरेको भए वा सो जग्गा सरकारी सार्वजनिक गुठी अन्तर्गतको भएमा वा निवेदकको मागदाबी अनुसार हुन नपर्ने कुनै कारण भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण दाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **तपसिल**

| क्षेत्र | वडा/सि.नं. | कि.नं. | क्षे.फ. | ज.ध. | मोही |
|---|---|---|---|---|---|
| जोरपाटी | ९/ग | १४ | ०-४-२-० | गोपाल लामिछाने | विष्णु प्रसाद चालिसे |

नोट : मिति २०६७/१२/०३ मा रै.प. दा.खा. मिसिल भिडेको देखिन्छ।

---

**भूमि प्रशासन कार्यालय चाबहिलबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

यसमा निवेदक श्री राम गोपाल श्रेष्ठले मेरो नाममा सर्भे नापीका समयमा मोहियानी हक कायम भई हालसम्म दर्ता प्रमाणित बाँकी रहेको तपसिल बमोजिमको जग्गा बिर्ता उन्मूलन ऐन, २०१६, बिर्ता उन्मूलन नियमावली, २०१७ तथा प्रचलित कानून बमोजिम हाम्रो नाममा रै.प. दर्ता नामसारी गरिपाऊँ भनी माग निवेदन भएकोमा उक्त जग्गाको वास्तविक ज.ध. को हुन्, अरू हकदारहरू छन् वा छैनन् ? उक्त जग्गा निवेदकको माग बमोजिम निवेदकको नाममा रै.प. जग्गा दर्ता नामसारी/दा.खा. नहुनुपर्ने भए वा निवेदक बाहेक अरूको हक लाग्ने भएमा वा उक्त जग्गा दर्ताका लागि यसअघि अरु कसैले निवेदन माग गरेको भए वा सो जग्गा सरकारी सार्वजनिक गुठी अन्तर्गतको भएमा वा निवेदकको मागदाबी अनुसार हुन नपर्ने कुनै कारण भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण दाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **तपसिल**

| क्षेत्र | वडा/सि.नं. | कि.नं. | क्षे.फ. | ज.ध. | मोही |
|---|---|---|---|---|---|
| गोकर्ण (गोकर्णेश्वर) | ४/क | ४५ | १-१-२-० | वुगती उपाध्यायनी | राम गोपाल श्रेष्ठ |

नोट : मि.नं. ६८ मिति ०५३/५४ मा मिसिल भिडेको देखिन्छ।

---

**BID CANCELLATION NOTICE**

All concerned bidders are hereby informed that the Invitation for Bids (IFB No. RBBL/GSD/G/NCB/082/83-01) for the **Supply and Delivery of Sports Utility Vehicles (SUV) and Electric Vehicles (EVs)** for Rastriya Banijya Bank Limited, published on 2083/01/15 at *www.bolpatra.gov.np/egp*, is hereby cancelled. This cancellation is effected in accordance with the **Public Procurement Act, 2063** and pursuant to the provisions stipulated under **Clause ITB 37 (Cancellation of Procurement Proceedings)** of the Instruction to Bidders (ITB) section of the Tender Document.

राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK

**RASTRIYA BANIJYA BANK LTD.**
Central Office
General Service Department
Phone: 5721220 Ext. no. 1317, 2411
email:gsd.admin@rbb.com.np

---

**उच्च अदालत पाटन**
**हरिहरभवन, ललितपुर**

**सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

(प्रथमपटक प्रकाशित मिति २०८३।०२।३०)

यस अदालतलाई आवश्यक तपशिल बमोजिमको छपाई सम्बन्धी खरिद कार्य सम्पादन गर्नुपर्ने भएकोले सो सम्बन्धी काम गर्न इजाजत प्राप्त फर्म/कम्पनीहरूबाट रीतपूर्वक निवेदन दिई स्टोर शाखाबाट फारम खरिद गरी प्रथमपटक सूचना प्रकाशित भएको मितिबाट ७ दिन भित्र यस अदालतमा सिलबन्दी दरभाउ पेश गर्न यो सूचना जारी गरिएको छ। सिलबन्दी दरभाउ पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन पेश गर्नु पर्नेछ।

**तपशिल**

| सि.नं. | खरिद विवरण | फारम दस्तुर | जमानत रकम | पेश गर्ने अन्तिम मिति | सिलबन्दी खोलिने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|
| ०१ | छपाई | १००० | ४६५०० | २०८२।०३।०५ गते दिनको १२ बजे सम्म | २०८२।०३।०८ गते दिनको २ बजे | |

थप जानकारी यस अदालतको स्टोर शाखामा सम्पर्क गरी प्राप्त गर्न सकिन्छ।

---

**भूमि प्रशासन कार्यालय चाबहिलबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

यसमा, का.जि. का.म.न.पा.-३०, बस्ने अनुज मानन्धरले साविक मौजा बूढानीलकण्ठ रै.नं. १४२७/१४९ को बद्री मानन्धरको लगत भिड्ने देव बहादुर मानन्धर का.ई. कमलाक्षीको नाममा नापी हुँदा नापनक्सा कायम भई दर्ता बाँकी रहेको तपसिल बमोजिमको जग्गाको मोही भिम बहादुर श्रेष्ठले किसानको व्यहोरामा बद्री नारायण मानन्धरको हुनुपर्नेमा देव बहादुर मानन्धर भएको हो भनी देव बहादुर मानन्धरको हकमा नरोत्तम नारायण मानन्धर समेतको छोड निवेदनले बद्री नारायण मानन्धरमा कायम भएको जग्गा निजको मिति २०३७।०७।२६ मा मृत्यु भएको र निज समेत अन्य हकदारको मृत्यु पछिका सबैभन्दा नजिकका हकदार म समेत दुई जना मात्र भएकोले हाम्रो नाममा छुट जग्गा दर्ता नामसारी गरिपाऊँ भनी माग भएकोमा निजको नाममा छुट जग्गा दर्ता नामसारी नहुनुपर्ने भएमा वा अरूको हक लाग्ने भएमा वा उक्त जग्गा दर्ता नामसारीका लागि यसअघि अरू कसैले निवेदन माग गरेको भएमा वा सो जग्गा सरकारी सार्वजनिक गुठी अन्तर्गतको भएमा वा निवेदकको मागदाबी अनुसार हुन नपर्ने कुनै कारण भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण दाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **तपसिल**

| क्षेत्र | वडा/सि.नं. | कि.नं. | क्षे.फ. | मोही विवरण | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| चुनीखेल | ९/क | ९५ | ०-१३-२-० | भिम बहादुर श्रेष्ठ | यो जग्गा का.ई. असन कमलाछी बस्ने देव बहादुर मानन्धरको हो कुत बुझाई खाएको छु |

नोटः मि.नं. ३४/०५९/६० र ९९/०६६/६७ भिडेको मिसिल तामेली अभिलेखमा खोजतलास गर्दा फेला नपरेको।

---

**डिभिजन वन कार्यालय चितवनको**

**गोलिया काठ बोलपत्र द्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८३।०२।३०**

डिभिजन वन कार्यालय चितवन अन्तर्गत नेपाल विद्युत प्राधिकरण मर्स्याङदी कोरिडोर प्लट नं ५ अन्तर्गत उत्पादन भएको, राष्ट्रिय वन अन्तर्गत वरण्डाभार वन संरक्षणमा प्लट कायम गरी उत्पादन भएको, दियालो वंगला वन क्षेत्र भित्र प्लट कायम गरी उत्पादन भएको, सुपर त्रिशुली जलविद्युत आयोजनालाई उपलब्ध गराइएको राष्ट्रिय वन क्षेत्रमा परेका रुखहरूबाट उत्पादन भएको तथा जोखिमयुक्त रुखहरु कटान गरी उत्पादन भएको गोलिया काठहरु लट नं १ देखी ५५ सम्मका गोलिया थान ६९६९ को ५२१३६.८७ क्यू.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान पर्ने गरी बोलपत्र द्वारा लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठको बोलपत्रको प्रतिस्पर्धामा वन पैदावारको कारोवार गर्ने उद्देश्यले दर्ता भई डिभिजन वन कार्यालयमा सूचीकृत तथा अध्यावधिक भएका इच्छुक फर्म वा उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्नुहुन आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीका लागि कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना वन तथा भु.संरक्षण विभाग बबरमहल काठमाण्डौ, वन तथा वातावरण मन्त्रालय हेटौडा, वन निर्देशनालय हेटौडा र कार्यालयको वेबसाइट तथा सूचना पाटीमा टाँस गरिएको छ।

**डिभिजनल वन अधिकृत**
**डिभिजन वन कार्यालय भरतपुर चितवन।**

---

**गौमूल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**घटमुना, बाजुरा**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**ठेक्का किन नतोड्ने सम्बन्धी १५ दिने सार्वजनिक सूचना**

**प्रकाशित मितिः २०८३।०२।३०**

यस कार्यालय अन्तर्गत तपसिलको ठेक्काको निर्माण कार्यको प्रगति सन्तोषजनक नभएको तथा लामो समय व्यतित हुँदा पनि कार्य प्रगतिमा सुधार नभएको सन्दर्भमा पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत बेवास्ता गरी हाल सम्म पनि कार्य प्रगतिमा सुधार नभएको, पेश भएको संशोधित कार्यतालिका बमोजिम कार्य नभएको, कार्य सम्पन्न गर्ने तर्फ तदारुकता नदेखिएको, ठेक्काको म्याद नरहेको, लामो समयसम्म कार्य अधुरो राखि साइट अलपत्र अवस्थामा रहेको हुँदा ठेक्का सम्झौताका शर्त एवं प्रचलित कानून बमोजिम ठेक्का अन्त्य किन नगर्ने ? ठेक्का अन्त्य गर्नु नपर्ने कुनै मनासिब कारण भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र स्पष्टिकरण सहित आधिकारिक प्रतिनिधि स्वयं यस कार्यालयमा उपस्थित हुन अनुरोध छ। अन्यथा ठेक्का सम्झौताका शर्तहरू तथा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, तथा प्रचलित कानून बमोजिम ठेक्का अन्त्य गर्न तर्फ कारबाही प्रक्रिया अगाडी बढाइने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

**तपसिलः**

| S.No. | Name of Work | Contract No. | Name of Firm |
|---|---|---|---|
| 1. | Road Construction work from Sima to Amlish at Gaumul Rural Municipality Word no 1 Amlish Bajura | GRM/Bajura/Work/NCB/04/081-082 | RC Kailash Construction Gaumul RM 02 Bajura |

**प्रमुख प्रशासकीय अधिकृत**

---

**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय**
**सिद्धार्थनगर, रुपन्देही, फोन नं: ०७१-५९७०२६**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मितिः २०८३/०२/३० गते)**

यस कार्यालयको मिति २०८३/०१/२२ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित प्रशासनिक भवन नजिकैको हालको कार्गो कम्प्लेक्सको छेउमा कार्यालयले तोकेको ८५ (पचासी) वर्गमिटर क्षेत्रफलको खाली जग्गामा व्यवसायी आफैँले अस्थायी प्रकृतिको संरचना निर्माण, सञ्चालन र हस्तान्तरण विधिमा यस कार्यालयको कर्मचारी चमेनागृह सञ्चालन गर्ने सम्बन्धी खुला बोलपत्र आह्वानको सूचना अनुसार तोकिएको म्यादभित्र रीतपूर्वक दाखिला हुन आएका बोलपत्रको मूल्यांकन गर्दा देहाय बमोजिमको बोलपत्र अधिकतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भएकोले ७ (सात) दिने बोलपत्र स्वीकृतिका लागि छनोट गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

| सि.नं. | अधिकतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम, ठेगाना | ५ (पाँच) वर्ष अवधिको लागि कबोल गरेको जम्मा बहाल रकम |
|---|---|---|
| १. | फुड प्वाइन्ट (सिद्धार्थनगर न.पा., वडा नं ८, रुपन्देही) | रु.८,०१,५५१/- (अक्षरुपीः आठ लाख एक हजार पाँच सय एकाउन्न रुपैयाँ मात्र) |

**महाप्रबन्धक**